# अनुसूचि २ दर्ता सहयोगी छनौट निर्देशिका

**सामाजिक स्वास्थ्य सुरक्षा (स्वास्थ्य बीमा) कार्यक्रमको दर्ता सहयोगी (Enrollment Assistant) छनौट निर्देशिका २०७३ (दोस्रो संशोधन, २०७४)**

**सामाजिक स्वास्थ्य सुरक्षा (स्वास्थ्य बीमा) कार्यक्रम** कार्यान्वयनकोलागि सदस्यता दर्ता गर्ने काममा स्वयमसेवकको रुपमा काम गर्ने गरी दर्ता सहयोगी छनौट समितिले देहायका आधारमा अन्तरबार्ताबाट छनौट गर्नेछ ।

**१. दर्ता सहयोगीको योग्यताका आधारहरु**

- नेपाली नागरीक,
- स्थानीय, (बिबाहितलाई प्राथमिकता)
- Smart Phone Operate गर्न सक्ने,
- समाजमा आर्थिक रुपमा स्वच्छ छवि भएको, इमान्दार ब्यक्ति, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

## प्राथमिकता

१. महिला स्वास्थ्य स्वयम् सेबिका .( एस.एल.सी. उत्तिर्ण )

२. प्राबिधिक एस.एल.सी.(CMA, ANM) कोर्ष पुरा गरी सम्बन्धित काउन्सीलमा दर्ता भएको ।

३. प्रवीणता प्रमाण पत्र वा १०+२ उर्तीण गरेका

२. प्रति वडा, प्रति १००० घरधुरी (परिवार) सम्मका लागि १ जना दर्ता सहयोगीहको संख्या हुनेछ ।

३. दर्ता सहयोगी छनौट समिति बुँदा १ बमोजिमको योग्यता भएको व्यक्तिको देहाय अनुसारको दर्ता सहयोगी छनौट समिति गठन गरिनेछ ।

- सम्बन्धित वडाको वडा अध्यक्ष - संयोजक
- सम्बन्धित वडाको सचिव - सदस्य
- स्थानिय स्वास्थ्य संस्था प्रमुख - सदस्य सचिव
  (सम्बन्धीत वडामा स्वास्थ्य संस्था नभएमा साबिकको स्वास्थ्य संस्था प्रमुखले सदस्य सचिवको भूमिका निर्वाह गर्नु पर्नेछ ।

**४. दर्ता सहयोगीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

- स्थानीय तह, स्थानीय स्वास्थ्य संस्था तथा अन्य संघ, संस्थासँग समन्वयमा रही कार्य गर्ने,
- आफ्नो गाँउपालिका तथा महा/उप/नगरपालिकाका वडाका बासिन्दालाई सामाजिक स्वास्थ्य सुरक्षा(स्वास्थ्य बीमा) कार्यक्रमबारे घर-घरमा गई जानकारी गराउने,

- कार्यक्रममा सरिक हुन चाहने परिवारका सदस्यको दर्ता फाराममा विवरण भरेर सदस्यको फोटो खिच्ने, तोकिए बमोजिमको योगदान रकम संकलन गर्ने र सम्भब भएमा सो रकम समितिले तोकेको बैंक खातामा यथाशीघ्र जम्मा गर्ने सम्भब नभएमा आफ्नो क्षेत्रको दर्ता अधिकारीलाई बुझाउने ।
- फोटो सहितको संकलित विवरण प्रत्येक दिन केन्द्रीय सर्भरमा इन्टरनेट मार्फत पठाउने, इन्टरनेट उपलब्ध नभएको खण्डमा दर्ता अधिकारीसँगको भेटमा दर्ता अधिकारीको ल्याप्टपमा सार्ने ।
- स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति/बिकास समितिसँग समन्वय गरी काम गर्ने र प्रगतिको नियमित जानकारी गराउने ।

**५.दर्ता सहयोगी सम्बन्धि अन्य व्यवस्था देहाय बमोजिम हुनेछः**

- दर्ता सहयोगीहरुलाई परिचय पत्र दिइनेछ । यस्तो परिचय पत्र सम्झौता अबधि भरकालागि लागि मान्य हुनेछ । सो अवधी पछि नवीकरण गराउनु पर्नेछ ।
- कुनै दर्ता सहयोगीले काम छोड्न चाहेको अवस्थामा ३० दिन अगावै समितिलाई जानकारी दिनु पर्नेछ । निजको सट्टा मौजुदा सूचीमा रहेका मध्येबाट नयां दर्ता सहयोगी छनौट गर्न सक्नेछ ।
- दर्ता सहयोगीले दर्ता कार्यमा सहयोग गरेवापत कार्यसम्पादनको आधारमा (जनसंख्या दर्ता)प्रोत्साहन रकम देहाय बमोजिम पाउने छन ।

  तोकिएको जनसंख्याको ५० प्रतिशत सम्म दर्ता गर्नेलाई कुल रकमको १० प्रतिशत
  तोकिएको जनसंख्याको ५० देखि ८० प्रतिशत दर्ता गर्नेलाई कुल रकमको १५ प्रतिशत
  तोकिएको जनसंख्याको ८० प्रतिशत भन्दा माथि दर्ता गर्नेलाई कुल रकमको २० प्रतिशत

- निजहरुले कुनै तलब/पारिश्रमिक पाउने छैनन् ।

**६. स्वास्थ्य संस्थास्तरीय बिकास समिति, व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

- सामाजिक स्वास्थ्य सुरक्षा बिकास समितिले पठाएको निर्देशिका वा निर्देशनका आधारमा तोकेको योग्यता पुगेका व्यक्तिहरुको छनौट गर्न आबश्यक सहयोग गर्ने,
- दर्ता सहयोगीको काम कारवाही वारे जानकारी लिने,
- बीमा कार्यक्रममा परिवारहरुको सहभागिता अभिबृद्धिका लागि सहयोग गर्ने,
- सम्बन्धित स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको गुणस्तर तथा पहुँच अभिबृद्धिमा सहयोग गर्ने,

**७. छनौट विधिः**

- ७ दिने सार्बजनिक सुचना जारि गरि निबेदन आव्हान गरिने छ ।
- सम्भाव्य उम्मेदारलाई अन्तर्बाताको माध्यमबाट छनौट गरिने छ ।
- नतिजा प्रकाशन गर्दा मुख्य र बैकल्पिक उमेदवारको सुची प्रकाशन गरिने छ ।